"For Nepali, By Nepali "

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

**Non-Resident Nepali Association, National Coordination Council, Qatar**

Estd: 2003

**मिति ६ अक्टोबर २०२३ शुक्रबारका दिन सम्पन्न गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको दोस्रो कार्यसमिति बैठकले गरेका मुख्य निर्णयहरु निम्न अनुसार रहेका छन् ।**

१. कतारमा स्थापीत संघ संस्थाका कार्यक्रमहरुलाई व्यवस्थित वनाउदै सकेसम्म राष्ट्रिय चाड पर्व संयुक्त रुपमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको नेतृत्वमा रुपमा मनाउने र अन्य महत्वपुर्ण कार्यक्रम एकै मितिमा नपरोस भन्ने उदेश्यले कतारमा स्थापीत सम्पुर्ण संघ संस्थाहरुको सुझावलाई समेटेर दुई बर्षे क्यालेन्डर तयार भएको छ ।

२. दशौं औं महाधिशन हले पारित गरेको संकल्प प्रस्तावको मर्म अनुशार गैरआवासीय नेपाली संघ (विनोद कुवँर) समुह सँग वार्ता गर्न गठिन वार्ता समितिले २ पटक औपचारीक वार्ता र थुप्रै पटक अनौपचारीक छलफल र द्विपक्षीय पत्राचारको समिक्षा गर्दै एनसीसी र आईसीसीको विधानको मातहत रहेर संस्थालाई एकतावद्ध बनाएर लैजान र पुन: फुटको कुनै सम्भावना नरहने गरि एकता गर्न हदैसम्म प्रयास गरिने छ ।

३. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको हालको बेवसाईट धेरै पुरानो भएर संघका सुचनाहरु नियमित अपडेट गर्न नसकिएकोले हालको कम्पनी सँग पुन: सम्झौता गरि बेवसाईटलाई आवश्यक अपग्रेड गरि यथासक्य छिटो सञ्चालन गरिने छ ।

४. कतारमा रहेका प्रतिभाहरुको पहिचान र सम्मान गर्ने उदेश्यले गायन र नृत्य विधामा गैरआवासीय नेपाली तारा-२०२३ (NRNA IDOL 2023) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र तमु (गुरुङ) समाज कतारले गर्ने निर्णय भएको छ ।

५. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारलाई समय सापेक्ष प्रविधिमैत्री बनाउदै संघ सँग सम्बन्धीत साथै नेपाल सरकार र कतार सरकार विभिन्न सुचना, जानकारी आम पार्षद एवंम कतारमा रहेका नेपाली माझ सहज रुपमा पुराउने उद्देश्यले एनसीसी कतारको आफनै एप्स र युटुव च्यानल सञ्चालन गरिने छ ।

६. दशौं राष्ट्रिय महाधिवेशनको लागि गठित निर्वाचन समितिबाट प्राप्त आय व्यय विवरण लेखा परिक्षणको लागि लेखासमितिलाई हस्तान्तरण गरिएको छ । लेखापरिक्षण पछि सार्वजनिक गरिने छ ।

सन्तोष कुँवर
प्रवक्ता
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार ।

E-mail : nrnancc.qatar2003@gmail.com, rameshbhatta@gmail.com, rabin.mgr@gmail.com
website : www.nrnaqatar.org